शुक्लागण्डकी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुलेगौंडा, तनहुँ
४ नं. प्रदेश, नेपाल

## सिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति (२०७४।०६।१०)

यस कार्यालयबाट चालू आ.व.०७३।७४को स्वीकृत वार्षिक कार्याक्रम अन्तर्गत सिलबन्दी बोलपत्रद्वारा गर्नूपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त योग्य निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वक शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिनसम्म यस कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय, दमौली तनहूं र जिल्ला प्रशासन कार्यालय, दमौली तनहूंबाट खरीद गर्न सकिनेछ ।

२. बोलपत्र फाराम खरिद गर्न बोलपत्रदाताले पत्र साथ नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता, मु.अ.कर/प्यान (PAN) दर्ता र २०७२।७३ सम्मको कर चूक्ता भएको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न गर्नूपर्नेछ । साथै बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धि कसूरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व घोषणाको सक्कल प्रति संलग्न गर्नूपर्नेछ । यदी फर्म संयूक्त उपक्रमको हकमा संयूक्त उपक्रमको सम्झौता पत्र पनि समाबेश गर्नूपर्नेछ । खरिद गर्दा छुट भएमा बोलपत्रसाथ अनिवार्य संलग्न गरी राख्नुपर्नेछ ।

३. खरिद भएका बोलपत्र प्रथम पटक सुचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्रमा सिलबन्दी लाहाछाप गरी यस कार्यालयमा दर्ता गराउनूपर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधि समेत सम्बन्धित कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनूपस्थित भएमा पनि बोलपत्र खोल्न कूनै बाधा पर्नेछैन ।

४. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगत्तै पछि कार्यालय खूलेको दिन सोही समयमा हूनेछ ।

५. बोलपत्रका साथ जमानत वापतको प्रत्येक योजनाको इष्टिमेट अंकको २.५ प्रतिशतले हून आउने रकम तल उल्लेखित भए बमोजिम NIC Asia Bank, दुलेगौंडा शाखा , तनहूंमा यस कार्यालयको धरौटी खाता नं. A341498653524004 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बराबरको यस नगरपालिकाको नाउंमा जारी गरिएको ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विडबण्ड संलग्न गरी पेश गर्नूपर्नेछ ।

६. बोलपत्रमा आइटम अनूसार दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नूपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दररेटलाई मान्यता दिइनेछ । केरमेट गरी सच्याइएकोमा बोलपत्रदाताको दस्तखत भएको हूनूपर्नेछ ।

७. समयभित्र प्राप्त नभएका, रित नपुगेका, सुचनाको शर्त विपरित भएका बोलपत्र उपर कुनै कारवाही हूनेछैन ।

८. बोलपत्र स्वीकृत भएपछि लागत अनूमान भन्दा १५ प्रतिशतसम्म कम अंक कबूल गरेमा कबूल अंकको ५ प्रतिशत र लागत अनूमानको पन्ध्र प्रतिशत भन्दा बढी घटेर कबूल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटेर कबूल गरेको छ सोको पचास प्रतिशतले हून आउने रकम कबूल अंकको ५ पतिशतमा थप गरी हुन आउने रकम बराबरको सक्कल नगद भौचर वा कम्तिमा १ (एक) वर्षको म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी गरिएको बैंक ग्यारेन्टी कार्यसम्पादन जमानत (परफरमेन्स वण्ड) र कार्यतालिका सम्झौता गनू अघि पेश गर्नूपर्नेछ ।

९. बोलपत्रदाताबाट बोलपत्रको उल्लेखित परिमाण सुचीमा प्रत्येक आइटमको दररेट भरी नआएमा, त्यस्तो बोलपत्र उपर कूनै कारवाही हूनेछैन ।

१०. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंसिक रुपमा मात्र स्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा नै निहित रहनेछ ।

११. यस सुचनामा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा स्थानीय स्वायत्त शासन ऐन/नियम, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, र अन्य पचलित ऐन कानून बमोजिम हुनेछ ।

१२. बोलपत्र दाखिला गर्ने तथा खुल्ने समयमा सुचनाको हक सम्बन्धि ऐन २०६४ बमोजिम नागरिक समाज तथा सञ्चारकर्मीको समेतको उपस्थितिका लागि अनुरोध गरिएको छ ।

१३. यस सम्बन्धी अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिनेछ ।

आयोजनाको विवरण

| सि. नं. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान | बोलपत्र जमानत रकम | बोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | ३-०७४/७५ SMC | नगरपालिकाको सवै वडा कार्यालयमा सोलर आपूर्ती तथा जडान, शुक्लागण्डकी नगरपालिका, तनहूं । | रु.३०,८७,७५०।०० (भ्याट र कन्टिन्जेन्सी वाहेक) | रु. ७७,५००।०० | रु.३,०००। (तिन हजार) फिर्ता नहूने गरी | |
| २. | ४-०७४/७५ SMC | नगरपालिकाको वडा कार्यालयको कार्य प्रयोजनको लागि मोटर साइकल खरिद, शूक्लागण्डकी नगरपालिका, तनहूं । | रु. २६,०१,७६१।९१ (भ्याट र कन्टिन्जेन्सी वाहेक) | रु. ६५,५००।०० | रु.३,०००। (तिन हजार) फिर्ता नहूने गरी | |

कार्यकारी अधिकृत

कार्यकारी अधिकृत